# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०८१/८२
च.नं. 422

कोशी **प्रदेश**,नेपाल

सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय ओखलढुंगा कोशी प्रदेश, नेपाल २०७३

मितिः २०८१/०६/०७

श्री ओखलढुङ्गा सामुदायिक सिकाइ केन्द्र, सि.न.पा-१२, ओखलढुङ्गा
श्री ज्यामिरे सामुदायिक सिकाइ केन्द्र, सि.न.पा.-९, ज्यामिरे
श्री चेतना अभिमुखीकरण सामुदायिक सिकाइ केन्द्र, सि.न.पा.-७, विगुटार

विषय : आवश्यक कागजात पेश गर्ने वारे ।

प्रस्तुत विषयमा आ.व. ०८१/८२ मा सामुदायिक सिकाइ केन्द्रले सञ्चालन अनुदान प्राप्त गर्नका लागि सिकाइ केन्द्रसँग सम्वन्धित तपसिल अनुसारका कागजातहरु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा यथाशिघ्र पेश गर्नुहुन ३ (तीन) वटै सामुदायिक सिकाइ केन्द्रहरुलाई जानकारी गराइन्छ ।

तपसिल :

(क) आ.व.०८०/८१ मा सामुदायिक सिकाइ केन्द्र सञ्चालन व्यवस्थापन वापत तथा प्रस्तावका आधारमा नगरपालिकाबाट निकाशा भएको अनुदान खर्च साधारण सभाबाट स्वीकृत भएको विवरण
(ख) वार्षिक साधारण सभा गरी साधारण सभाको बैठकबाट आगामी बर्षको बजेट तथा कार्यक्रम स्वीकृती वा पारित गरेको विवरण
(ग) आ.व. ०८०/८१ को लेखापरीक्षण प्रतिवेदन
(घ) सामुदायिक सिकाइ केन्द्रको परिचालिकाको मिति २०८१ श्रावण १ गतेदेखि विवरण पेश गर्ने मिति सम्मको हाजिरीको प्रमाणित प्रतिलिपि
(ङ) शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) प्रयोग गरी नियमित प्रतिबेदन
(च) सामुदायिक सिकाइ केन्द्र नियमित रुपले सञ्चालनमा रहेको व्यहोराको सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
(छ) चालु आ.व.मा अनुदान मागसम्वन्धी सामुदायिक सिकाइ केन्द्रको पत्र

फणिन्द्र बहादुर कटवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
**श्री सूचना तथा प्रविधि शाखा** : वेवसाइटमा अपलोड गर्नुहुन ।

(नोट : माथि उल्लेखित विवरण प्राप्त नभएसम्म चालु आ.व.०८१/८२ मा अनुदान निकाशा गर्न कार्यालय बाध्य नहुने व्यहोरा समेत अनुरोध छ )